

# बजार अवलोकन ४८

मंसिर, २०६९


**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च


## मुख्य बुँदाहरु

- ***गत एक महिनामा धान बाली जस्ता हालै भित्र्याइएको खाद्यान्नहरुको मूल्य मौसमी रुपमा घटेको पाइयो भने गहुँको पिठो र दालहरु जस्ता हाल मौसम नभएका खाद्य वस्तुहरुको मूल्य न्यून रुपमा बृद्धि भएको पाइयो।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो प्रतिवेदनका अनुसार, मंसिर महिनामा वार्षिक मूल्य स्फीति १०.४ प्रतिशतमा कायम रह्यो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष सोही समयको ८.७ प्रतिशत बृद्धिको तुलनामा ७.१ प्रतिशतले बृद्धि भयो।***
- ***देशभर सम्पूर्ण यातायातका सेवाहरु सूचारु रुपमा सञ्चालन भएको हुनाले हाल सम्म आपूर्ति अवस्था सामान्य रहेको छ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमित रुपमा अनुगमन गरिने देशभरका विभिन्न बजारहरुमा खाद्य वस्तुहरुको मूल्यले गत एक महिनामा मिश्रित प्रवृति (trend) देखाए। मोटा चामलको औसत मूल्यमा १.५ प्रतिशतका दरले कमि आई प्रति किलो रु. ३४.९ भयो भने गहुँको पिठोको मूल्यमा १.३ प्रतिशतका दरले न्यूनरुपमा बृद्धि भई प्रति किलो रु. ३७.४ भयो। मास र मुसुरोको मूल्य क्रमश: २.९ प्रतिशत र ३.२ प्रतिशतका दरले बृद्धि भई प्रति किलो क्रमश: रु. ११४.० र १०६.७ भयो भने भटमासको तेल र रातो आलुको मूल्यमा क्रमश: ०.५ र १.५ प्रतिशतका दरले न्यूनरुपमा कमि आयो। २०६९ भाद्रको तुलनामा मूल्यहरुले घट्दो प्रवृति देखाए भने गत वर्ष यही समयको तुलनामा प्राय खाद्य वस्तुहरुको मूल्यले बढ्दो प्रवृति संकेत गरे।

क्षेत्रीय बजारहरुले राष्ट्रिय मूल्य प्रवृति संग मिल्दो जुल्दो प्रवृति देखाए। उदाहरणका लागि, मुख्य उपभोक्ता बजारहरुमा मोटा चामलको मूल्य घट्यो भने तराईका बजारहरुमा यसको मूल्य बढ्यो। सडक पहुँच भएका पहाडी तथा हिमाली बजारहरुमा यसको मूल्य स्थिर रह्यो। गत एक महिनामा सम्पूर्ण क्षेत्रीय बजारहरुमा मुसुरोको मूल्यमा बृद्धि भयो।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा थोक मूल्यहरुले बढ्दो प्रवृति देखाए जुन तराईका बजारहरुमा भएको मोटा चामलको खुद्रा मूल्य संग मिल्दो जुल्दो छ। कालीमाटी फलफूल तथा तरकारी बजारमा फलफूल तथा तरकारीको थोक मूल्यले मिश्रित प्रवृति देखाए। उदाहरणका लागि, गत एक महिनामा बन्दा, काउली, गोलभेडा र अदुवा जस्ता मौसमी तरकारीहरुको मूल्य निरन्तर रुपमा घट्यो भने घ्यू सीमि, प्याज र मूला जस्ता हाल मौसम नभएका तरकारीहरुको मूल्यले बढ्दो प्रवृति देखाए। नेपाल आयल निगम द्वारा ईन्धनको मूल्य अन्तराष्ट्रिय मूल्य संग समायोजन गरे पश्चात डिजेल र मट्टीतेलको मूल्यमा रु. २ प्रति लिटरले बृद्धि भयो भने पेट्रोलको मूल्य रु. २ प्रति लिटरका दरले घट्यो।

२०६९ मंसिरमा वार्षिक मूल्य स्फीति गत वर्ष सोही समयको ७.५ प्रतिशत बृद्धिको तुलनामा १०.४ प्रतिशतले बृद्धि भयो। खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष सोही समयको ७.१ प्रतिशत बृद्धिको तुलनामा ८.७ प्रतिशतले बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्क २.१ प्रतिशत बृद्धिको तुलनामा ५.० प्रतिशतले बृद्धि भयो। यातायातको मूल्य सूचकाङ्क निरन्तर रुपमा बृद्धि भई गत वर्ष यही समयको १२.५ प्रतिशत बृद्धिको तुलनामा १५.१ प्रतिशतका दरले बृद्धि भयो।

### आपूर्ति

हाल सम्म देशभर आपूर्तिको अवस्था सामान्य छ। पहाडी तथा हिमाली बजारहरु लाई तराईका थोक बजारहरुसंग जोड्ने सडकमार्गहरु सूचारु रुपमा सञ्चालन भइरहेको हुनाले सो क्षेत्रमा खाद्यान्न आपूर्तिमा बृद्धि भएको छ।

### पूर्वानुमान

हालै बाली भित्र्याइएको खाद्य वस्तुहरुको मूल्य आउँदो महिना सम्म स्थिर रहने अनुमान छ भने हाल मौसम नभएका दाल र तरकारीहरुो मूल्य आउँदो बाली नभित्र्याए सम्म निरन्तर रुपमा बृद्धि हुने अनुमान छ। यसैगरी, अमेरिकी डलर र अन्य मुद्राहरुको तुलनामा नेपाली रुपैयाको अवमूल्यनका कारण आयातीत वस्तुहरुको उच्च मूल्य कायमै रहने अनुमान छ।

माटोको ओसिलो पना कम भएको र बाली लगाउने समयमा ढीलाई भएको हुनाले हिउँदे बालीको उत्पादन मध्यम्स्तरीय हुने पूर्वानुमान छ जसले राष्ट्रिय खाद्यान्न वासलातमा नकारात्मक पूर्वानुमानको संकेत गर्दछ। यद्यपि, हिउँदे बालीको अवस्था उस्तै रहने वा सुधार आउने भन्ने कुरा बाली हुर्कनका लागि आवश्यक पर्याप्त हिउँदे वर्षामा निर्भर हुनेछ। NeKSAP द्वारा बालीको अवस्था निकटबाट अनुगमन गरिनेछ।

**अन्य वस्तुहरुको मूल्यमा भएको परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| डिजेल र मट्टीतेल | ९९ | २.१ | अन्तराष्ट्रिय मूल्य (मुख्यत भारत) संग समायोजन गरेको। |
| पेट्रोल | १२३ | -१.६ | अन्तराष्ट्रिय मूल्य (मुख्यत भारत) संग समायोजन गरेको। |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ।

† मूल्यहरु २०६९ मंसिर महिनाको मूल्य सँग सम्बन्धित छन्।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिइएको बजारहरुबाट लिइएको हो। तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन्।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन्।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-४८

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- मंसिर, २०६९

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३६.० | ०.० | -१२.२ | २.९ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ३४.० | ०.० | ०.० | -२.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४५.० | ०.० | १.४ | २०.८ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २१५.० | -१४.५ | -२३.२ | ३०.३ | ▼ | ▼ | ▲ |
| | तोरीको तेल | १९३.० | ०.० | ०.० | ४५.१ | ▶ | ▶ | ▲ |
| | मास | ११३.० | ०.० | ७.६ | ७.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११७.० | १३.६ | १३.६ | ४१.० | ▲ | ▲ | ▲ |
| | आलु | ३७.० | -१९.६ | -७.५ | ४८.० | ▼ | ▶ | ▲ |
| पोखरा | मोटा चामल | ४२.० | -६.७ | -६.७ | -६.७ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | -२.९ | -२.९ | ३.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४५.० | -३.३ | -९.४ | १८.९ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | -१५.२ | ३३.३ | ▶ | ▼ | ▲ |
| | तोरीको तेल | १८०.० | -२.७ | ०.० | २१.६ | ▶ | ▶ | ▲ |
| | मास | ११८.० | -१.७ | -१.७ | ७.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९५.० | -२.१ | -९.५ | ११.८ | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ११.१ | ७३.६ | ▶ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३०.० | ०.० | -१३.५ | ७.१ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ३५.० | १६.७ | १६.७ | १६.७ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | -६.७ | १६.७ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २००.० | ०.० | -२३.१ | -१६.७ | ▶ | ▼ | ▼ |
| | तोरीको तेल | १८०.० | ०.० | ९.१ | २१.६ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ०.० | ११.१ | -४.८ | ▶ | ▲ | ▶ |
| | मुसुरो | १०३.० | ३.० | ३.० | ३७.३ | ▶ | ▶ | ▲ |
| | आलु | ४०.० | -४.० | ३०.४ | ११०.५ | ▶ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३४.० | ३.० | -२.९ | ४१.७ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३५.० | -७.९ | १६.७ | ९.४ | ▼ | ▲ | ▶ |
| | भटमासको तेल | १५२.० | १.३ | १.३ | १६.९ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २४०.० | -७.७ | -७.७ | ०.० | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ०.० | २.० | ८.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११४.० | ३.६ | २१.३ | ६२.९ | ▶ | ▲ | ▲ |
| | आलु | २२.० | -४५.० | -२६.७ | ०.० | ▼ | ▼ | ▶ |
| नेपालगंज | मोटा चामल | ३०.० | ०.० | ०.० | २०.०० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | २५.० | -१६.७ | -२१.८ | ०.० | ▼ | ▼ | ▶ |
| | भटमासको तेल | ११५.० | ०.० | -१७.९ | -११.१५ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | २००.० | ०.० | -२८.६ | -२०.० | ▶ | ▼ | ▼ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | मास | ११५.० | ६४.३ | २७.८ | ४०.८ | ▲ | ▲ | ▲ |
| | मुसुरो | ७५.० | ७.१ | -१६.७ | ७.१ | ▲ | ▼ | ▶ |
| | आलु | २५.० | ०.० | -१६.७ | २५.० | ▶ | ▼ | ▲ |
| धनगढी | मोटा चामल | ३३.० | -१.२ | ६.५ | -८.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३२.० | -१.८ | ०.० | ३.२ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२७.० | ०.० | ४.१ | २१.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २५०.० | ०.० | -४.६ | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६८.० | ०.० | ६.३ | २०.० | ▶ | ▶ | ▲ |
| | मास | १३२.० | ०.० | -१.५ | -५.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | -०.९ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | ०.० | -३७.५ | २५.० | ▶ | ▼ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २९.० | १६.० | -३.३ | १६.० | ▲ | ▶ | ▲ |
| | गहुँको पिठो | ३५.० | ०.० | २९.६ | ४५.८ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १४५.० | -३.३ | -३.३ | ६१.१ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ८.३ | ४४.४ | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १९५.० | २.६ | ८.३ | ३०.० | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ४.३ | ३०.४ | २६.३ | ▶ | ▲ | ▲ |
| | मुसुरो | १०५.० | १०.५ | ०.० | १०.५ | ▲ | ▶ | ▶ |
| | आलु | २५.० | १३.६ | -१०.७ | ५६.३ | ▲ | ▼ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३३.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | -२.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | १५.४ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १३२.० | १४.८ | १४.८ | ५५.३ | ▲ | ▲ | ▲ |
| | आलु | ४५.० | ४.७ | १२.५ | ८०.० | ▶ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | | | | | | | |
| | गहुँको पिठो | | | | | | | |
| | भटमासको तेल | | | | | | | |
| | कुखुराको मासु | | | | | | | |
| | मास | | | | | | | |
| | मुसुरो | | | | | | | |
| | आलु | | | | | | | |
| साँफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | ८.६ | ८.६ | ८.६ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | -६.३ | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १८०.० | ५.९ | ०.० | २०.० | ▲ | ▶ | ▲ |
| | मास | १२०.० | -७.७ | ०.० | ०.० | ▼ | ▶ | ▶ |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ५०.० | २८.२ | ०.० | ४२.९ | ▲ | ▶ | ▲ |
| जुम्ला | मोटा चामल | ५०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | ३५०.० | ०.० | - | ९.४ | ▶ | - | ▶ |
| | मास | १००.० | - | ०.० | ०.० | - | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | -१४.३ | -१४.३ | ▶ | ▼ | ▶ |
| बाजुरा | मोटा चामल | ३३.० | -१७.५ | -२६.७ | १०.० | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | ३६.० | ०.० | -२८.० | २.९ | ▶ | ▼ | ▶ |
| | सीमी | १२०.० | ०.० | - | २०.० | ▶ | - | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | २०.० | -४०.० | ०.० | ▲ | ▼ | ▶ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २३०.० | ०.० | ४.५ | -४.२ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | ११०.० | ०.० | १०.० | १०.० | ▶ | ▶ | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ४०.० | ०.० | -११.१ | ३३.३ | ▶ | ▼ | ▲ |
| डोल्पा | मोटा चामल | ११०.० | ०.० | ०.० | १५.८ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | १३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २३०.० | -४.२ | -४.२ | १५.० | ▶ | ▶ | ▶ |
| | सीमी | २५०.० | २५.० | ८.७ | २५.० | ▲ | ▶ | ▲ |
| | मास | २३०.० | - | ९.५ | ३५.३ | - | ▶ | ▲ |
| | मुसुरो | २३०.० | १५.० | ९.५ | १५.० | ▲ | ▶ | ▶ |
| | आलु | ३५.० | १६.७ | -१२.५ | -१२.५ | ▲ | ▼ | ▶ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिन्छ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ । यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।